# नेपाल रेडक्रस सोसाइटी

केन्द्रीय कार्यालय, काठमाण्डौं
फोन नं.०१-५३७०६५०, ५३७२७६१

## आवश्यकता

**प्रथमपटक प्रकाशित मिति २०८१।१।२६**
**पुन : प्रकाशन मिति : २०८१।३।१९**

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालय, विपद् व्यवस्थापन विभागद्वारा सञ्चालित Climate Seed परियोजनामा काम गर्ने गरी खुला प्रतियोगिताद्धारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले तोकिएको शैक्षिक योग्यता र अनुभव पुगेका इच्छुक नेपाली नागरिकहरुबाट आफूले प्राप्त गरेका शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, आफ्नो व्यक्तिगत विवरण (Curriculum Vitae) अनुभवका कागजातहरु र निवेदन संलग्न गरी २०८१ असार २६ गते बुधबार कार्यालय समय भित्र सोसाइटीको इमेल vacancy@nrcs.org मार्फत् वा सोसाइटीको केन्द्रीय कार्यालयमा बुझाउनु हुन सूचित गरिन्छ। म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही हुने छैन। प्राप्त आवेदकहरुको सूची संक्षेपीकरण (Short Listing) गरिने छ। सूची संक्षेपीकरणबाट छनौट भएका आवेदकहरुले संस्थाले तोकेको ढाचाँको दरखास्त फारम भरेर तोकिएको दस्तुर बुझाउनु पर्नेछ। यसरी दरखास्त बुझाएका आवेदकहरुको लिखित, अन्तर्वार्ता वा सान्दर्भिक सीप परीक्षा हुनेछ र सोको थप जानकारी पछि गराइने छ। आवश्यक पदको कार्यविवरण सोसाइटीको बेवसाइट https://nrcs.org मा हेर्न सकिने छ। तलब भत्ता तथा अन्य सेवा, शर्त र सुविधाहरु नेपाल रेडक्रस सोसाइटीको प्रचलित नियमानुसार हुनेछ। सूची संक्षेपीकरणमा परेका उम्मेदवारहरुको नामावली लिखित, अन्तर्वार्ता वा सान्दर्भिक सीप परीक्षाहरुको समय तालिका सोसाइटीको बेवसाइटमा प्रकाशन गरिनेछ वा जानकारी दिइनेछ।

नोट :
क. **यो पदको लागि यस अघि मिति २०८१।१।२६ मा नयाँ पत्रिका दैनिक र २०८१।०२।०४ मा कान्तिपुर दैनिकमा सूचना प्रकाशित भएअनुसार तोकिएको मिति २०८१ जेठ ११ गते शुक्रबार (२४ मे, २०२४) सम्म प्राप्त आवेदन कायमै रहने भएकाले नीजहरुले पुनः आवेदन पठाउनुपर्ने छैन।**
ख. **संस्थालाई आवश्यक भएमा सूची संक्षेपीकरणमा पर्ने आवेदकहरुलाई स्रोतको उपलब्धता र उपयुक्तताको आधारमा भविश्यमा असवर दिन सक्नेछ।**

**१.विज्ञापन नं. २./२०८०/०८१**

| | |
|---|---|
| पद / तह/संख्या | पद-Climate Action Coordinator (CAC) , तह-७/ संख्या १ |
| प्रकृति | करार |
| अवधि | सुरुमा ६ महिना। त्यसपछि आवश्यकताअनुसार अवधि थप हुनसक्ने छ। |
| परीक्षा विवरण / दस्तुर | लिखित, अन्तर्वार्ता वा सान्दर्भिक सीप परीक्षा / रु.५००/- |
| उमेर | २१ वर्ष पूरा भएको |
| न्यूनतम शैक्षिक योग्यता | मान्यताप्राप्त शैक्षिक संस्थावाट जलबायु, वातावरण वा सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उर्तिण गरेको। |
| अनुभव | जलबायू, वातावरण, विपद् व्यवस्थापन, स्वास्थ्य, जस्ता सम्बन्धित क्षेत्रमा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको। |
| वाञ्छनीय योग्यता | जलबायू परिवर्तन, यसको असर र प्रभावसम्बन्धी ज्ञान,<br>निम्न सीप भएको : योजना निर्माण र अनुगमन, जोखिम व्यवस्थापन, परियोजना प्रस्ताव र प्रतिवेदन लेखन, दातृ तथा सरोकारवाला संस्थाहरूसँग सम्पर्क र समन्वय, समूह कार्य र जिम्मेवारी हस्तान्तरण। |
| कार्यस्थल | नेरेसो केन्द्रीय कार्यालय र आवश्यकतानुसार फिल्ड कार्यालयहरु। |